




२ राजाहरू १८-१९, २१:२४-२२:१


एक मात्र साँचो परमेश्वरलाई आराधना गर्न इस्राएललाई मोशाले निर्देशन दिएको भएतापनि, तिनीहरू उर्वरता देवी बालतर्फ फर्के ।
यही आत्मिक उथलपुथलको माझमा सपन्याहको प्रवेश भयो ।
उनको राजकीय वंशले उनलाई राजा र उनको दरबारमा विशेष पहुँच दिएका थियो ।
ठूला साना सबैलाई परमेश्वरको न्यायको सन्देश दिन उनले समय खेर फालेनन् ।
म तिमीहरूको देशबाट सबै थोक ध्वंश पार्नेछु, परमप्रभु भन्नुहुन्छ ।
मानिसहरू र पशुहरू दुवैलाई म ध्वंश पार्नेछु ।
मानवजाति र उसले पूजा गर्ने सबै मूर्तिहरू नष्ट हुनेछन् ।
तिनीहरू घरको कौसीहरूमाथि गएर सूर्य, चन्द्र र ताराहरूलाई पूजा गर्छन् ।
तिनीहरू मोलेकलाई पनि पूजा गर्छन् !
म तिनीहरूलाई नष्ट गर्नेछु –तिनीहरू मेरो खोजी गर्दैनन्, न ता मेरो विषयमा नै सोधपूछ गर्छन् ।


राजकुमारहरू र राजाका छोराहरू अनि मूर्तिपूजकहरूका लुगा लगाउनेहरू सबैजनाले सजाय पाउनेछन् ।
हे बजार भएको ठाउँमा बस्नेहरू हो, चिच्च्याएर रोओ !
तिमीहरूका सबै व्यापारीहरू खतम हुनेछन् ।
म बत्ती बालेर यरूशलेमलाई खोज्नेछु र ढुक्क भएर बस्नेहरू सबैले सजाय पाउनेछन् ।
तिमीहरूले घरहरू बनाएतापनि तिमीहरू त्यसमा बस्नेछैनौं ।
तिमीहरूले दाखबारी लगाएतापनि तिमीहरूले त्यसको दाखमद्य पिउनेछैनौ ।


अगमवाणी गर्ने क्रममा बेबिलोनीहरूले यरूशलेमलाई अतिक्रमण गर्ने दिनहरूको साथै सम्पूर्ण पृथ्वीमाथि भविष्यमा आइपर्ने न्यायको बारेमा पनि सपन्याहले अगमवाणी गरे ।
परमप्रभुको महादिन नजिक छ !
परमप्रभुको क्रोधको दिनमा तिमीहरूका चाँदी र सुनले तिमीहरूलाई बचाउन सक्नेछैन ।
पूरा संसार नष्ट हुनेछ–पृथ्वीमा बस्नेहरू सबैलाई उहाँले अचानक भस्म पार्नुहुनेछ ।


हे, शर्मलाग्दो जाति हो, त्यो समय आउनुअघि नै प्रार्थना गर ।
न्याय सुरु हुनुअघि र परमप्रभुको भयङ्कर रिस खनिनुअघि ।
हे सबै दीन (दुःखी) हो, हे आज्ञापालन गर्न खोज्नेहरू हो, आफू बच्नको निम्ति उहाँलाई पुकारा गर ।
नम्र भएर हिँड र जे असल छ, त्यही गर । सायद परमप्रभुले तिमीहरूलाई त्यस विनाशको दिनबाट बचाउनुहुनेछ ।
किनकि गाजाका पलिश्ती सहरहरू र अश्कलोन त्यागिनेछन् ।
मोआबले गरेका अपमानहरू र अम्मोनीहरूले गरेका उपहासहरूको दण्डस्वरुप तिनीहरू निर्जन भूमिमा परिणत हुनेछन् ।
कूश तरवारद्वारा नष्ट हुनेछ र अश्शूर ध्वस्त हुनेछ ।


हिंसा र अपराधको सहर यरूशलेमलाई धिक्कार !
आफ्नो घमण्डमा त्यसले परमेश्वरको आवाज पनि सुन्दैन ।
त्यसले सबै सुधारलाई इन्कार गर्छ ।
परमेश्वरको व्यवस्थालाई अवज्ञा गर्दै त्यसका पूजाहारीहरूले मन्दिरलाई बिटुलो पार्छन् ।
तर परमप्रभु सहरको बीचमा हुनुहुन्छ र उहाँले कुनै खराबी गर्नुहुन्न ।
तर कसैले ख्याल राख्दैनन् –दुष्टलाई कुनै लाज लाग्दैन ।
जातिजातिहरूलाई जम्मा गर्न र राज्य राज्यलाई भेला गर्न अनि तिनीहरूमाथि मेरो रिस पोखाउन, सबै पूरा रिस खन्याउन मैले निर्णय गरेको छु ।
सम्पूर्ण पृथ्वी मेरो डाहको आगोल भस्म हुनेछ ।


म मेरा मानिसहरूको बोली शुद्ध गर्नेछु – अनि तिनीहरूले परमप्रभुको नाउँलाई पुकारा गर्नेछन् ।
म तिमीहरूको बीचबाट घमन्डी र अहङ्कारी मानिसहरूलाई हटाउनेछु । मेरो पवित्र पर्वतमा कुनै घमन्ड वा अहङ्कार हुनेछैन ।
गरिब र नम्रहरू बाँकी रहनेछन् अनि तिनीहरूले परमप्रभुको नाउँमाथि भरोसा गर्नेछन् ।
परमप्रभु बचाउनलाई सामर्थी हुनुहुन्छ ।
उहाँ तँसित अत्यन्त आनन्दित हुनुहुन्छ र गीत गाएर उहाँ तेरा बारेमा रमाउनुहुनेछ ।






२ राजाहरू २३:२६–२७, सपन्याह ३:१८–२०